# प्रेस विज्ञप्ती

श्रावण २८, २०७७

## सिद्धार्थ बैंकद्वारा कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषलाई सहयोग

सिद्धार्थ बैंक लिमिटेडले २०७७ श्रावण २८ गते बुधबार आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कोषमा रहेको रु २,६७,२७,९२९ (दुई करोड सतसट्ठी लाख सत्ताइस हजार नौ सय उनन्तिस) रकम नेपाल सरकारको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषलाई हस्तान्तरण गरेको छ । उक्त रकम आज अर्थ मन्त्रालयमा आयोजित एक समारोहका बीच बैंकका अध्यक्ष श्री मनोज कुमार केडियाले अर्थमन्त्री डा. युवराज खतिवडालाई हस्तान्तरण गर्नुभएको थियो ।

उक्त अवसरमा अर्थमन्त्री डा. खतिवडाले बैंकलाई धन्यवाद ज्ञापन गर्दै बैंकको तर्फबाट प्रदान गरिएको यो सहयोग नै हालको परिस्थितिमा संस्थागत सामाजिक उत्तरदायित्वको सबैभन्दा राम्रो उदाहरण भएको बताउँदै प्राप्त रकमको सरकारले कोरोना रोकथाम एवं नियन्त्रणको काममा नै सदुपयोग गर्ने बताउनुभयो ।

यस अघि पनि बैंकले प्रदेश सरकार तथा विभिन्न स्थनीय तहलाई गरी रु ७६,२४,६२० (छयहत्तर लाख चौबिस हजार छ सय बिस) सहयोग प्रदान गरिसकेको छ। यसरी कोरोना भाइरस संक्रमण रोकथाममा बैंकले हालसम्म कुल रु ३,४३,५२,५४९ (तिन करोड त्रिचालीस लाख बाउन्न हजार पाँच सय उनन्चास) सहयोग प्रदान गरेका छ । यसरी प्रदान गरिएको रकमबाट कोरोना भाइरस संक्रमण रोकथाम तथा उपचारकाका लागि ठूलो सघाउ पुग्ने बैंकले विश्वास लिएको छ ।

हालको प्रतिकुल परिस्थितिमा सरकारले तोकेको स्वास्थ सम्बन्धी मापदण्ड अनुरुप बैंकले स्थानीय अधिकारी एवं सरकारका अन्य विभिन्न निकायसंगको समन्वयमा विभिन्न शाखाहरुका साथै डिजिटल माध्यमबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ ।